२. आ.व. २०७३।०७४ को पोष मसान्तको लेखापरीक्षकद्धारा प्रमाणित अपरिष्कृत वित्तिय विवरण अनुसार ।

३. यस वित्तिय प्रक्षेपण कम्पनी स्वयंले तयार गरेको हो र विश्लेषण एस.के.दत्त एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट श्री सुधिर कुमार दत्तले गर्नु भएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो कम्पनीको उद्घोषण रहेको छ ।

### प्रक्षेपित नाफा नोक्सान हिसाव र वासलात तयार गर्दाको आधारहरु :

| बिवरण | आ.व. २०७३।०७४ | आ.व. २०७४।०७५ | आ.व. २०७५।०७६ |
|---|---|---|---|
| कुल बीमाशूल्कमा कुल पूनर्बीमा शूल्क खर्चको अनुपात | ४१.२% | ३९.२% | ३७.३% |
| कुल पूनर्बीमा कमिशन आयमा कुल पूनर्बीमाशूल्क खर्चको अनुपात | २५.०% | २५.९% | २६.६% |
| खुद बीमाशूल्कमा दावी भूक्तानीको अनुपात | ४३.१% | ४१.८% | ४०.५% |
| कुल बीमाशूल्कमा अभिकर्ता कमिशन भूक्तानीको अनुपात | १.९% | १.५% | १.२% |
| कुल बीमाशूल्कमा कुल व्यवस्थापन खर्च अनुपात | ११.४% | १०.१% | ८.९% |
| कुल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनुपात | ५६.८% | ५६.७% | ५६.३% |
| खुद नाफामा कुल बीमाशूल्कको अनुपात | १८.३% | २०.०% | २१.३% |
| कुल बीमाशूल्कमा कुल सम्पत्तिको अनुपात | ५५.९% | ५८.१% | ५८.९% |
| आयकर व्यवस्था | ३०.०% | ३०.०% | ३०.०% |

### त. संगठित संस्थाको पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात र नाफानोक्सान हिसावको विवरण :

**वासलात**

रु. हजारमा

| क्र.सं. | विवरण | आ.व.२०७२/०७३ | २०७३ पौषमसान्त सम्ममा |
|---|---|---|---|
| | **श्रोत** | | |
| १ | चूक्ता पुंजी | ३२९,०७३ | ३८५,०१६ |
| २ | जगेडा तथा कोष | १०४,००१ | ५४,०९५ |
| ३ | बीमा कोष | २४८,१४७ | २६२,७५५ |
| ४ | महा-विपत्ती जगेडा कोष | ३७,०८१ | ४०,००४ |
| ५ | तिर्न बाँकी दिर्घकालिन ऋण तथा सापटी | – | – |
| | **कुल श्रोत** | **७१८,३०२** | **७४१,८७०** |
| | **उपयोग** | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | ९७,८९६ | ९५,६८६ |
| ७ | दीर्घकालिन लगानी | १७७,१२५ | १९४,३४९ |
| ८ | दीर्घकालिन कर्जा | – | – |
| | **चालू सम्पत्ती कर्जा तथा पेश्कीहरु :** | | |
| ९ | नगद तथा बैंक मौज्दात | १६४,५३९ | ९३,३०९ |
| १० | अल्पकालिन लगानी | ३२१,४४४ | ३६६,५७५ |
| ११ | अल्पकालिन कर्जा | – | – |
| १२ | अन्य सम्पत्ती | ४७८,८४४ | ५३५,७१३ |
| | **जम्मा (क) (९+१०+११+१२)** | **९६४,८२७** | **९९५,५९७** |
| | **चालू दायित्व तथा व्यवस्थाहरु :** | | |
| १३ | चालू दायित्व | १२२,१४७ | १५०,७२८ |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | २१९,१९८ | २७७,२४६ |
| १५ | भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ५२,२५२ | ४९,७१२ |
| १६ | अन्य व्यवस्था | १२७,९५० | ६६,०७६ |
| | **जम्मा (ख) १३+१४+१५+१६)** | **५२१,५४७** | **५४३,७६२** |
| | **खुद चालू सम्पत्ती (ग)=(क)-(ख)** | **४४३,२८०** | **४५१,८३५** |
| १७ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | – | – |
| १८ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | – |
| | **कुल उपयोग (६+७+८+१७+१८+१९)** | **७१८,३०२** | **७४१,८७०** |

## नाफा–नोक्सान हिसाब

रु. हजारमा

| क्र.सं. | आम्दानी | आ.व.२०७२/०७३ | २०७३ पौष मसान्त सम्ममा |
|---|---|---|---|
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | | |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | २१२,८१३ | ३१,२८८ |
| ३ | व्यवस्था फिर्ता | २२,३३९ | २१,३१५ |
| ४ | अन्य आम्दानी | ४,४६६ | – |
| | **जम्मा आम्दानी (क)** | **२३९,६१८** | **५२,६०३** |
| | **खर्च** | | |
| ५ | व्यवस्थापन खर्च | ९,८४६ | ५,३७४ |
| ६ | अपलेखन खर्च | – | – |
| ७ | शेयर सम्वन्धी खर्च | ४१५ | ८१७ |
| ८ | अन्य खर्चहरु | – | – |
| ९ | नोक्सानीको लागी व्यवस्था | ४६ | ५०० |
| १० | कर्मचारी आवास व्यवस्था | | – |
| ११ | कर्मचारी बोनस व्यवस्था | २०,८४६ | ४,१७४ |
| १२ | **समायोजित आयकर (अ)=(आ)-(इ)** | **५९,०९२** | **१२,५२१** |
| | आ) आयकर | ६०,०१८ | १२,५२१ |
| | इ) स्थगन कर सम्पत्ती/(दायित्व) | (९२६) | – |
| | **जम्मा खर्च (ख)** | **९०,२४५** | **२३,३८६** |
| | **खुद नाफा/(नोक्सान) (ग) = (क) - (ख)** | **१४९,३७३** | **२९,२१७** |
| १३ | (क) बीमा कोषमा सारेको | ७४,६८५ | १४,६०९ |
| | (ख) बीमा जगेडामा सारेको | | – |
| १४ | अघिल्लो बर्षसंग सम्बन्धित खर्च | ५ | २,३९५ |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | १,०६१ | १,५२० |
| १६ | **बाँडफाँडको लागी उपलब्ध रकम** | **७५,७४४** | **१३,७३३** |
| | क)स्थगन कर जगेडा | ९२६ | – |
| | ख) पुँजीगत जगेडा | | – |
| | ग) विशेष जगेडा | | – |
| | घ) अन्य जगेडा (विवरण खुलाउने) | | – |
| | ङ) प्रस्तावित लाभांश | | – |
| | अ) बोनस शेयर | ५५,९४२ | ८,६०० |
| | आ) नगद लाभांश | २,४१८ | ४३० |
| | च) महा-विपत्ती जगेडा | १४,९३८ | २,९२२ |
| १७ | **वासलातमा सारेको नाफा/(नोक्सान)** | **१,५२०** | **१,७८१** |

## एकीकृत आय–व्यय हिसाब

रु. हजारमा

| क्र.सं. | | आ.व. २०७२/०७३ | २०७३ पौष मसान्त सम्ममा |
|---|---|---|---|
| | **आय** | | |
| १ | बीमा शूल्क (खुद) | ४३५,८९५ | २२२,५४० |
| २ | पुनर्बीमा कमिशन आय | ७८,२३४ | ५१,३३३ |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २२,१३२ | ११,९७५ |
| ४ | अन्य प्रत्यक्ष आय | – | – |
| ५ | आर्थिक बर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ६९,५३७ | ५२,२५२ |
| ६ | आर्थिक बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | १८२,७३५ | २१७,७१२ |
| | **जम्मा आय (क)** | **७८८,५३३** | **५५५,८१२** |
| | **व्यय** | | |
| ७ | दावी भुक्तानी (खुद) | १९५,०६१ | १३७,२०२ |
| ८ | अभिकर्ता कमिशन | १७,२६१ | ११,२४५ |
| ९ | पूनर्बीमा कमिशन खर्च | २३० | १४ |
| १० | सेवा शूल्क (खुद) | ४,३५९ | २,२२४ |
| ११ | अन्य प्रत्यक्ष खर्च | – | – |
| १२ | व्यवस्थापन खर्च | ८८,६०९ | ४८,३६६ |
| १३ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ५२,२५२ | ४९,७१२ |
| १४ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम वापत व्यवस्था | २१७,९४८ | २७५,७६१ |
| | **जम्मा व्यय (ख)** | **५७५,७२०** | **५२४,५२४** |
| १५ | नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) = **(क) - (ख)** | **२१२,८१३** | **३१,२८८** |

**थ. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ निर्जीवन बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीको प्रत्यक्ष असर बीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु ।
ग) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
घ) नेपाल सरकारले वर्तमान बीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा सो बाट कम्पनीको आयमा असर पर्ने जोखिम ।
ङ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
च) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
छ) भुकम्प लगायत प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।**
आफ्नो व्यवसायिक तथा अन्य जोखिमहरुबाट सृजना हुनसक्ने हानी नोक्सानीको न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तनसँगै जनशक्ति विकासमा ध्यान पुर्‍याउने कम्पनीको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**
निष्कासन गरिएको शेयर मुल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द. धितोपत्रबाँडफाँट सम्बन्धी व्यवस्था :**
यस विवरण मार्फत् निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५” ले निर्धारित गरेको समयभित्र कम्पनीको सञ्चालक समितिले बाँडफाँड गरी वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत निष्काशित धितोपत्र अभिलेख गराउने व्यवस्था गरिनेछ ।

**ध. संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**
कार्यालय समय भित्र निम्नलिखित स्थानहरुमा कम्पनीको प्रवन्धपत्र, नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ ।
क) कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका तीनकुने ।
ख) धितोपत्र निष्कासन तथा विक्री प्रबन्धक - प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौ ।

**न. शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयर वितरण गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडतथा सिडिएसिमा दर्ता गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्नेछ ।

**प. संगठित संस्थाकोकारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरणः**
सो नभएको ।

**फ. हकप्रद शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मूख्य कुराहरु :**

क) स्वीकृत विवरण अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि हकप्रद निष्कासन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरको २ : १ को अनुपातमा ( विद्यमान दुई कित्ता शेयर बराबर नयां एक कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
ख) प्रत्येक शेयरधनीले हकप्रद शेयरका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाण पत्र नम्बर वा डिम्याट नम्बर तथा आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
ग) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ । यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक ( डिम्याट) रुपमा शेयर रहेमा एउटै आवेदन फारम भरी दरखास्त दिन सक्नेछ ।
घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या बापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको दरखास्त फारममा तोकिएको संकलन केन्द्रहरु वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
ङ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

च) "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्ने छैन ।

छ) यस हकप्रद शेयर निष्कासन सम्बन्धी कुनै विवाद भएमा वा ऊजुरी परेमा सोको निवारणका लागि यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

ञ) हकप्रद शेयरको वितरण सोझै हितग्राही खाता मार्फत गरिने हुँदा भौतिक रुपमा हकप्रद शेयर आवेदन गर्नुहुने शेयरधनीहरुले अभौतिक रुपमा शेयर प्राप्त गर्नको लागि निवेदनको साथै आफ्नो हितग्राही खाता नम्बर (Dmat Account No), नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारीक परिचयपत्रको प्रतिलिपि पेश गनुपर्ने छ ।

ट) शेयरको बाँडफाँड भई नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात बाँडफाँडमा परेका हितग्राही खाता भएका शेयरधनीहरुलाई हकप्रद शेयर अभौतिक रुपमा निजहरुबाट उपलब्ध गराएको हितग्राही खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

## ब. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका सेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) संगठित सस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको हुनुपर्ने,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको ।

(ङ) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको ।

(छ) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने सेयरवालाले अरु सेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

## भ. संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्कासन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना उल्लेख गर्नुपर्नेः

क) कम्पनीको लेखापरीक्षकमा श्री निलबहादुर सारु मगर (एन.बि.एस.एम. एण्ड एसोसियट्स) चार्टर्ड एकाउण्टेण्टस हुनुहुन्छ ।

ख) कम्पनीको कम्पनी सचिवमाश्री अरविन्द कुमार कर्णहुनु हुन्छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमाश्री सुधिर कुमार दत्त, (एस.के.दत्त एण्ड एसोसियट्स) चार्टर्ड एकाउण्टेण्ट हुनुहुन्छ ।

घ) यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था प्रभु क्यापीटल लिमिटेड कमलादी, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्कासनका लागि धितोपत्र निष्कासन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्कासन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी प्रभु क्यापीटल लिमिटेड, कमलादी, काठमाण्डौं रहेकोछ ।

**म. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) पूँजी बृद्धिगरी कम्पनीको प्रतिश्पर्धात्मक क्षमताको विकास गर्न र दायित्व निर्वाह गर्न अझ सक्षम हुन ।

ख) विद्यमान बीमा कम्पनीहरुको प्रतिश्पर्धात्मक क्षमता अभिबृद्धि गरी भावी चुनौतिहरुको सामना गर्न ।

ग) दीगो व्यवसायिक संरचना निर्माण लगायत बीमा समितिले तोकेको नाफामुलक पूँजीगत क्षेत्रमा उचित लगानी गर्न ।

घ) पूँजीगत संरचनामा बृद्धि हुनकासाथै लगानी क्षमतामा समेत बृद्धि गरी वित्तीय स्थिति अरु मजबुत हुन ।

ङ) कम्पनीको पूँजीगत क्षमता सुदृढ गर्न ।

च) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

छ) कम्पनीले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण : हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिमका शिर्षकहरुमा उपयोग गरिनेछ ।**

| विवरण | रकम (रु.) |
|---|---|
| शाखा कार्यालय विस्तार | ६०,००,०००।०० |
| प्रविधि तथा सेवा विस्तार | ४०,००,०००।०० |
| स्थिर सम्पत्ती खरिद | ३,००,००,०००।०० |
| लगानी | ७,२५,०७,८८१।०० |
| बीमा समितिको निर्देशिका बमोजिम थोरै जोखिममा उच्चतम प्रतिफल आउने गरि गरिने लगानी | ८,००,००,०००।०० |
| **जम्मा** | **१९,२५,०७,८८१।००** |

**य. हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुप बढीमा थप १५ (पन्ध्र) दिनका लागि दरखास्त खुल्ला राख्न सकिनेछ ।

**र. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| क्रं .सं. | स्थानहरु |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं । |
| २. | प्रभु बैंक लिमिटेडका शाखा कार्यालयहरु |
| २.१ | प्रभु बैंक लिमिटेड, जलजलाचोक, रंगेली रोड, विराटनगर |
| २.२ | प्रभु बैंक लिमिटेड, आदर्शनगर, पुरानो बसपार्क, बीरगंज |
| २.३ | प्रभु बैंक लिमिटेड, मिलनचोक, बुटवल |
| २.४ | प्रभु बैंक लिमिटेड, गोदावरी रोड, धनगढी-३, कैलाली |
| २.५ | प्रभु बैंक लिमिटेड, पदमा नर्सिङ्गहोम अगाडी, पोखरा |
| २.६ | प्रभु बैंक लिमिटेड, बनेपा-६, बसपार्क, अरनिको राजमार्ग, काभ्रे |

उपरोक्त स्थानहरु शेयरधनीहरुको संख्या र ठेगानालाई अधारमानी शेयरधनीहरुको पहुँच हुने गरी छनौट गरिएको हो । माथिका स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनुभन्दा अघिको मितिमा प्रभु क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा प्रभु क्यापीटल लिमिटेड, कमलादी, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको विक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन । यसका साथै दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईटबाट समेत डायनलोड गरी भरेर बुझाउन सकिनेछ ।

धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (soft copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ । यस्तो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु"लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले निष्कासन तथा विक्री प्रवन्धकको **website :www.prabhucapital.com** तथा निष्कासन कम्पनीको **website: www.prabhuinsurance.com** मा समेत राख्ने व्यवस्था गरिनेछ ।

**ल. निष्कासन बैंक (बैंकर टु द ईस्यु) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | बैंकको नाम तथा ठेगाना | खाता नम्बर |
|---|---|---|
| १ | श्री प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौं । | ००१११६००७९०४६६००००००१ |
| २ | श्री सानीमा बैंक लि., नारायणचौर, नक्साल, काठमाण्डौं । | ००१०००१०३९२०७ |

**व. आफ्नो व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्बन्धित बीमा ऐन, २०४९, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण कम्पनीको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम कम्पनीका संचालकहरु कालो सूचीमा नरहेको कम्पनीको उद्घोश रहेको छ । साथै संस्थापक शेयरधनीहरुको हकमा संस्थापक शेयरधनीहुनको लागि योग्य नरहेको सम्बन्धमा हालसम्म कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको कम्पनीको उद्घोषण रहेको छ । यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि व्यवस्था :**

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालको स्विकृत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी इक्रा नेपाल लिमिटेडले यस कम्पनीको २ : १ अनुपातको हकप्रद शेयर निष्कासनको लागि औसत भन्दा तल अधार जनाउने "[ICRANP] IPO Grade 4+" रेटिङ्ग प्राप्त भएको छ । इक्रा नेपालले १ देखि ५ स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २,३,४ मा प्रदान गरिने +plus) चिन्हले त्यस समूहका तुलानात्मक सकरात्मक स्थितिलाई जनाउँदछ ।

**श. पछिल्लो ३ बर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु.) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या हजारमा |
|---|---|---|---|---|
| २०७०/०७१ | ८०० | १३३ | ५८३ | ६७२.०६ |
| २०७१/०७२ | ६३७ | ३४५ | ३५० | १५६.९१ |
| २०७२/०७३ | १७८० | ३३४ | १४७० | १४२४.५७ |

**आर्थिक वर्ष २०७३/७४को पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण**

| महिना | अधिकतम शेयर मूल्य (रु.) | न्युनतम शेयर मूल्य (रु.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या हजारमा |
|---|---|---|---|---|
| कार्तिक | १८२५ | १४४० | १४७० | ७८.९३ |
| मंसिर | १४८० | १०२० | ११५९ | १२३.११ |
| पुस | ११८९ | ९७५ | १०९० | ५४.०३ |

**ष. यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम, दस्तखत :**

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री देवीप्रकाश भट्टचन (संस्थापक शेयरधनी "क"समूह) | अध्यक्ष | |
| २. | श्री राजेन्द्र मल्ल (सर्वसाधरण शेयरधनी "ग" समूह ) | उपाध्यक्ष | |
| ३. | श्री कुसुम लामा (संस्थापक शेयरधनी "क" समूह ) | संचालक | |
| ४. | श्री दक्ष पौडेल "सभाष" (संस्थापक शेयरधनी "क" समूह ) | संचालक | |
| ५. | श्री दुर्गाप्रसाद सुवेदी (प्रतिनिधि कर्मचारी सञ्चय कोष"ख" समूह) | संचालक | |
| ६. | श्री रणकेशव प्रधान (सर्वसाधरण शेयरधनी "ग" समूह ) | संचालक | |
| ७. | श्री धर्मभक्त बल्ल (सर्वसाधरण शेयरधनी "ग" समूह ) | संचालक | |

NBSM

**NBSM & Associates**
Chartered Accountants
(Independent Member of GGI-Geneva Group International)

6th Floor, Block A, Four Square Complex
Narayan Chaur, Naxal, Kathmandu, Nepal.
P.O.B : 8357, Phone: 977-1-4433069, 4415242
Email: info@nbsm.com.np, URL: www.nbsm.com.np

## प्रभु इन्स्योरेन्स लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले प्रभु इन्स्योरेन्स लिमिटेड, तिनकुने, काठमाण्डौको यसै साथ संलग्न आषाढ ३१, २०७३ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण एवं प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं ।

**वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी :**

२. नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तरगत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटीरहित, वित्तिय विवरण सम्वन्धि आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य लेखा नितिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने पर्दछन्।

**लेखापरिक्षकको जिम्मेवारी :**

३. लेखापरिक्षणको आधारमा वित्तिय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यवसायीक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभुत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न, लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन ।

लेखापरिक्षण अन्तरगत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनोट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनीको आन्तरीक निर्णय उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थीति अनुसार हाम्रो लेखापरिक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तिय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अबलम्बन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेशण गरेका छौं । लेखापरिक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याईएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्तताहरुको मूल्यांकन का साथै समग्र वित्तिय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरिक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

PRABHU INSURANCE

NBSM & Associates Kathmandu Nepal Chartered Accountants

**कम्पनी ऐन २०६३, बीमा ऐन, २०४९ तथा अन्य प्रचलित ऐनले तोकेको कुराहरुको प्रतिवेदन**

४. अन्य कानुनी तथा नियमन निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परिक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना एवं स्पष्टिकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।

ख) यो प्रतिवेदन सँग सम्बन्धीत संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटिमा भएको परिवर्तन र संलग्न अनुसुचीहरु बीमा समितिले तोकेको ढँचा र तरिका अनुसार तयार गरीनुका साथै कम्पनीले राखेको हिसाबकिताब, बहि, खाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

ग) कम्पनीले बीमा ऐन २०४९ अनुसार बीमाशूल्क आम्दानीलाई नगद प्राप्तीको आधारमा लेखांकन गरेको छ जुन नेपाल लेखामान अनुरुप छैन ।

घ) कम्पनीले बीमा समितीको विद्यमान निर्देशन तथा प्रचलित ऐन बमोजिम बीमा कोष तथा सम्पत्तिको सम्भाव्य हानिको लागि प्रयाप्त रकम व्यवस्था गरेको छ ।

ङ) हामीले प्राप्त गरेको सुचना एवं हामिलाई दिइएको स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परिक्षणबाट, कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विवरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको वा बीमा समितिको निर्देशनको उल्लङ्घन गरेको वा कम्पनी, बीमित तथा लगानीकर्ताहरुको हित बिरुद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

च) कम्पनीको शाखाहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखापरिक्षण नगरिएको भएतापनि लेखापरिक्षणको निमित्त प्रयाप्त छन् ।

**मन्तव्य**

५. हाम्रो रायमा, हामीले पाएसम्मको सुचना एवं हामीलाई दिईएको जानकारी र स्पष्टिकरणका आधारमा यस कम्पनीको संलग्न वित्तिय विवरणहरु प्रचलित कानुनको अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान तगा लेखाको सर्वमन्य सिद्धान्त अनुसार तयार पारिएको छ र यो विवरणले प्रभु इन्स्योरेन्स लिमिटेडको २०७३ आषाढ ३१ (जुलाई १५, २०१६) को वित्तिय स्थीति र सोही मितिमा अन्त्य भएको आर्थीक वर्षको सञ्चालन नतिजा, इक्वीटीमा भएको परिर्वतन तथा नगद प्रवाहको यथार्थ चित्रण गर्दछ । उक्त वित्तीय विवरण कम्पनी ऐन २०६३, बीमा ऐन २०४९ र बीमा समितिको निर्देशन अनुसार तयार गरिएको छ ।

prabhu® INSURANCE

सि.ए. निल बहादुर सारु मगर, एफसिए
साझेदार

NBSM & Associates Kathmandu Nepal Chartered Accountants

एन.बि.एस.एम एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मितिः २०७३।०५।२९
स्थानः काठमाण्डौं, नेपाल